बुलिङटार गाउँपालिका , नवलपरासी (वर्दघाट सुस्तापूर्व)

बुलिङटार गाउँपालिकाको विस्तृत वस्तुगत विवरण (पार्श्वचित्र)

२०७५

तयार गर्ने

(नेशनल फ्युचर फाउनडेशन, बिर्तामोड, झापा को प्राविधिक सहयोग मा तयार पारिएको)

बुलिङटार गाउँपालिका,

बुलिङटार, नवलपरासी

नामः बुलिङटार गाउँपालिकाको बृहत पर्श्वचित्र २०७५
Municipal Profile of Bulingtar Rural Municipality 2018

सर्वाधिकारः बुलिङटार गाउँ कर्यापलिकाको कार्यालय, बुलिङटार, नवलपरासी

प्राविधिक सहयोगः नेशनल फ्युचर फाउनडेशन
बिर्तामोड, झापा
फोन: ०२३-५४६५११
इमेल: nationalfuturefoundation@gmail.com

समन्वयः बुलिङटार गाउँपालिका एवं विषयगत कार्यालयहरु, स्थानीय राजनीतिक दल, सामुदायिक वन उपभोक्ता समूह, विद्यालयहरु तथा सबै स्थानीय सरोकारवालाहरु

आर्थिक लगानीः बुलिङटार गाउँपालिका, बुलिङटार, नवलपरासी

तयारी टिमः
राज कुमार कट्टेल - टिम लिडर
मणिराज दंगाल - समाजशास्त्री
बिमला लुइँटेल - अर्थशास्त्री
प्रिती गिरी - तथ्यांकशास्त्री
टेक्निकल सहयोग - प्रयास प्रारम्भ प्रा.लि., बिर्तामोड, झापा
लोकप्रिय खनाल - तथ्यांक विश्लेषक
ई. आकाश श्रेष्ठ - सुचना तथा प्रविधि विज्ञ/सम्पादन
ई. भुषण श्रेष्ट - जी.आइ.एस. नक्साङ्कन
प्रकास अधिकारी - कानुन परामर्शदाता
केशव घिमिरे - तथ्याङ्क व्यवस्थापक

हाम्रो प्रयास

विश्वका १८९ देशहरु मध्ये नेपालले समेत सन २००० मा भएको सयुक्त राष्ट्र सहस्राब्दी सम्मेलनको घोषणा अनुसार ८ वटा सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धता सहितको हस्ताक्षर गरेको अनुरुप अझ पनि विभिन्न आयोजनाहरु सञ्चालन भइरहेका छन् । आठवटा विकास लक्ष्यहरुमा १) अति गरिवी र भोकमरीको अन्त्य गर्ने, २) सबैलाई विश्वव्यापी प्राथमिक शिक्षाको पहुँच पुयाउने । ३) लैङ्गिक समानता तथा महिला शसक्तिकरणको प्रर्वद्धन गर्ने, ४) बालमृत्युदरलाई कम गर्ने, ५) मातृ शिुसु स्वास्थ्यमा सुधार ल्याउने, ६) एचाआइभि एड्स, औलो तथा अन्य महामारी रोगहरुसँग लड्ने ७) पर्यावरणीय दिगो विकासलाई सुनिश्चत गर्ने । ८) विकासका लागि विश्वव्यापी साझेदारीताको विकास गर्ने रहेका छन् । उल्लेखित लक्ष्य हासिल गर्नका लागि अन्तिम बर्षसम्म आइपुग्दा नेपाल मानव विकास सूचाङ्ककमा १३८ औ स्थानमा रहेको छ भने विश्व अब सहस्राब्दी विकास लक्ष्यबाट अब दिगो विकास लक्ष्य तर्फ अघि बढीसकेको छ ।

समयसँग सगै विकासको अवधारणा, सिद्धान्त र कार्यान्वयनका नयाँ नयाँ उपायहरुको खोजीले नयाँ आयामहरु थप्न सफल भएको छ । हिजो सम्म हवाइपत्रहरुको भरपर्ने सञ्चार माध्यम आज रेडियो, टेलिभिजन, पत्र पत्रिका हुँदै मोवाइल र इन्टरनेटसम्म आइपुगेको छ । हिजोका कतिपय सञ्चारका सामग्रीहरुलाई आजको नयाँ शैलीले ९० प्रतिशत भन्दा बढी प्रतिस्थापन गर्न सफल भएको छ । त्यसरी नै आर्थिक भौतिक तथा सामाजिक विकासमा समेत विद्यमान प्रविधिको विकासले नयाँ समयको माग र विश्वव्यापी प्रतिस्पर्धालाई अझ शसक्त बनाएको पाइन्छ । आखिर सबै कुरा मानवीय र यस पृथ्वीको भलाईको लागि हुनु पर्छ भन्ने मान्यता सबैले राखेका छन् र राख्नु पर्दछ ।

विकास निमार्णलाई अझ जनमुखी र प्रभावकारी बनाउनका लागि स्थानीय देखि राज्यका प्रमुख लक्ष्य तथा उद्देश्यहरुलाई अपेक्षितरुपमा पुरा गर्नका लागि सबै भन्दा मूख्य आधार भनेको वास्तविक तथ्याङ्क हो । सानो भन्दा सानो देखि ठूला ठूला योजनालाई सफल बनाउनका लागि सहि तथ्याङ्कले ठूलो भूमिका खेल्दछ । परम्परागत शैलीबाट गरिएको तथ्याङ्क संकलनका कतिपय कमी कमजोरीहरुलाई केलाउदै सूचना प्रविधिबाट शून्य कागजको प्रयोग गरी मोवाइलबाट गाउँपालिकाको विस्तृत विवरण र गाउँपालिका भित्रका सरकारी, गैरसरकारी तथा नीजी संस्थाहरुको भौगोलिक अवस्थिती सहितको तथ्याङ्क संकलन गरी नयाँ सोच र नमुना विकासको तर्फ उन्मुख गराउनका लागि यो प्रयास गरिएको छ । आगामी दिनमा यसबाट प्राप्त सिकाईहरुलाई संस्थागत गर्दे जाने कुरामा सबैको साथ र सहयोगको अपेक्षा समेत गरेका छौ ।

यस किसिमको नविनतम कामलाई यहाँसम्म ल्याउनका लागि सहयोग बुलिङटार गाउँपालिकाका उपाध्यक्ष मैना विक, प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण अधिकारी, सम्पूर्ण वडा अध्यक्षहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, सेवा प्रदायक संस्था नेशनल फ्युचर फाउनडेशन प्रा.लि. का सबै कर्मचारी तथा डाटा संकलन गर्ने सबै स्वंयसेवकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

शशिकिरण वस्ताकोटी
अध्यक्ष
बुलिङटार गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट

नेपाली जनताको दशकौ लामो संघर्षको परिणाम स्वरूप जारि भएको नेपालको संविधानले कल्पाना गरे बमोजिम स्थानीय तहको पुनर्संरचना कार्य सम्पन्न भैसकेको छ । स्थानीय तहहरुको पुन संरचना संगै प्राप्त गरेका अधिकारहरु र स्वायत्तता तथा त्यसलाई व्यवाहारमा उतार्न प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरु आएपछि जनताहरुको इच्छा, आकांक्षा र अपेक्षाहरु चुलिएर गएकाछन् । यस्तो अवस्थामा जनप्रतिनिधिहरु र स्थानीय तहमा काम गर्ने कर्मचारीहरुलाई कार्य सम्पादन गर्न कम चुनौतिपूर्ण छैन । यिनलाई व्यवस्थापन गर्न द्रुत नीति, योजना र कार्यक्रम बनाउन आवश्यक हुन्छ । त्यसका लागि भरपर्दो, आधिकारिक र पर्याप्त सुचनाहरु आवश्यक पर्दछ ।

बुलिङटार गाउँपालिकाको वस्तुगत अवस्था झल्काउने उद्देश्यले तयार गरिएको यस पुस्तिकामा विभिन्न सर्वेक्षण तथा गणना एवं प्रशासनिक अभिलेखहरुबाट प्राप्त सुचनाहरुलाई वडागत तहमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । हालको अवस्थामा स्थानीयतहहरु आँफैले निती तथा योजना निर्माण देखि योजना तथा कार्यक्रमको अनुगमन एवं कार्यान्वयन गर्ने भएकाले स्थानीयस्तरको तथ्याँक आँफैमा अपरिहार्य छ । आफ्नो कार्यक्रमको अनुगमन गर्न तथा कार्यक्रम कार्यान्वयन पश्चातको प्रभाव मूल्याँकन गर्नका लागि स्थानीय तहहरुलाई धेरै भन्दा धेरै तल्लो प्रशासकीय एकाईहरुको तथ्याक आवश्यक पर्दछ । यस्ता आवश्यक सुचना तथ्याँक,राष्ट्रियस्तरका गणना तथा सर्वेक्षणले मात्र आपुर्ति गर्न नसक्ने भएकाले र राष्ट्रिय स्तरका नतिजाहरु बृहत भौगोलिक क्षेत्रमा प्रस्तुत गरिने भएकाले स्थानीय तहहरुले अव आँफै सुक्ष्म स्तरमा सुचकहरु गाउँपालिका तथा वडा स्तरमा यो प्रोफाइल तयारी गर्नु परेको हो । यस पुस्तकामा सकेसम्म छरिएर रहेका खण्डिकृत सुचना तथ्याँकलाई एकतृत गर्ने प्रयास गरिएको छ । यसबाट निति निर्माता, योजनाकार, सरोकारवाला एवं अध्ययन अनुसन्धान कर्तालाई पुस्तक उपयोगी हुने आशा राखिको छु ।

यस पुस्तिका निमार्णकोक्रममा जनप्रतिनिधिहरु, सेवा प्रदायक संस्था, तथ्यांक संकलक साथीहरु र विभिन्न कार्यालयले आवश्यक सुचनाहरु उपलब्ध गराई दिनु भएकामा हार्दिक आभार व्यक्त गर्दछु । पाठकबर्गमा पुस्तक प्रति आफ्नो अमूल्य सल्लाह सुझाव र टिप्पणी केही भए कार्यालयमा लिखित मौखिकरुपमा टिपाइ दिनु भई आगामी प्रकाशनलाई परिष्कृत गर्न सहयोग गरि दिनु हुन अनुरोध गर्दछु ।

बालकृष्ण अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
बुलिङटार गाउँपालिका

बुलिङटार गाउँपालिकाको बस्तुगत विवरण (पार्श्वचित्र) २०७५ – सारांश

क्र.स.	विषय	विवरण
१	परिचय	नेपालको मध्य भाग मा अवस्थित नवलपरासी (वर्दघाट सुस्तापूर्व) जिल्लाको उत्तरमा रहेको गाउँपालिका
२	भौगोलिक अवस्थिती	
	अक्षांश	२७.७५०४७८ देखि २७.८४८७४६
	देशान्तर	८४.०९६१११ देखि ८४.३०१८२
	एलिभेसन	२४० मिटर देखि १७८० मिटर सम्म
३	क्षेत्रफल	१४७.६८ वर्ग कि.मि.
४	सिमाना	यस गाउँपालिका को सिमाना पुर्व र उत्तरमा तनहु जिल्ला; पश्चिममा बुंगदिकाली गाउँपालिका; र दक्षिणमा हुप्सेकोट गाउँपालिका, देवचुली नगरपालिका र गैंडाकोट गाउँपालिका रहेको छ।
५	जलवायु	समुन्द्र सतह देखि २४० मिटर देखि १७८० मिटर सम्मको उचाइमा रहेको बुलिङटार गाउँपालिकाको हावापानी उष्ण मनसुनी तथा न्यानो समशीतोष्ण हावापानी भएको क्षेत्र हो। यो गाउँपालिका भित्रि मधेश तथा मध्य पाहाडमा अवस्थित छ।
६	घरधुरीको संख्या	३,२१४
७	जनसंख्या	१९,६६०
८	मुख्य पेशा	कृषि तथा पशुपालन
९	विद्यालयको संख्या	४४
१०	साक्षरता प्रतिशत	८०.४९ प्रतिशत
११	मूख्य धार्मिक सम्प्रदाय	हिन्दु
१२	मूख्य भाषा	नेपाली
१३	मूख्य समुदाय	मगर, ब्राम्हण, क्षेत्री, कुमाल, दमाई, कामि, सार्की, ठकुरी
१४	प्रमुख खाद्यान्न बाली	धान, मकै, गहु, कोदो
१५	प्रमुख नगदेबाली	अदुवा
१६	मूख्य घरपालुवा जनवार	गाई, भैसी, बाख्रा
१७	संचार सुविधा	मोवाइल
१८	यातायात सुविधा	बस, ट्याक्सी, व्यक्तिगत सवारी (साकइल, बाइक)
१९	खोला खोल्सी	६ वटा खोला र ७० भन्दा माथि खोल्सी
२०	खानेपानीको सुविधा	धारा, पोखरी, जरुवा, सार्वजनिक पानी ट्यांकी

प्रकाशकीय

पछिल्लो समयमा विकासलाई मापन गर्न आधार रेखा तयार गर्ने पद्धतीको अनुसरण गरेको पाइन्छ । नेपालको स्थानीय तह पुर्नसंरचना पछि गाउँपालिका र नगरपालिकाहरु (स्थानीय तह) स्वायत्त संस्थाको रुपमा स्थापित भएका छन । कुनै पनि स्थानीय तहको वस्तुगत विवरणले यसको हालको अवस्था र अब तय गर्नु पर्ने दिशाको मार्ग निर्देश गर्दछ । समय अनुसार कुनै पनि ठाउँको तथ्याङ्क एवं वस्तुगत विवरण परिवर्तन भइ रहेको हुन्छ । सकरात्मक परिवर्तनलाई हामी विकास भन्छौ भने नकरात्मक परिवर्तनलाई विनास भन्छौ अत: विकासले स्तर र अवस्थामा सकरात्म परिवर्तन ल्याउनु पर्दछ । यसका लागि कुनै पनि संघसंस्था, तह, निकाय या कार्यालयका सम्पूर्ण सूचनाहरू आधार रेखाको रुपमा प्रयोग हुने गर्दछन त्यसैलाई हामी पर्श्वचित्र वा वस्तुगत विवरण भन्दछौ ।

समाजको हरेक क्षेत्रमा तथ्याङ्कको महत्व दिनानुदिन बढ्दै गइरहेको छ । स्थानीय तहको विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि तथ्याङ्कहरु आवश्यक हुन्छन् । यी सबै कार्यका लागि उत्पादित तथ्याङ्क गुणस्तरीय, भरपर्दो र विश्वसनीय हुनु जरुरी छ । साथै उत्पादित तथ्याङ्कको सही उपयोग पनि उत्तिकै आवश्यक हुन्छ । जनगणना, कृषि गणना, औद्योगिक गणना एवं विभिन्न सर्वेक्षणहरु मार्फत प्राप्त तथ्याङ्कहरुको विश्लेषणका आधारमा नै अल्पकालीन र दिर्घकालीन योजनाहरु तयार गरिन्छन । वर्तमान अवस्थामा सूचना तथा तथ्याङ्कको उपयोगिता र उपादेयतामा वृद्धि सँगसँगै विभिन्न क्षेत्रका तथ्याङ्कहरूको प्रयोगकर्तामैत्री स्वरूपमा माग बढिरहेको छ । जनसांख्यिक तथ्याङ्कका प्रयोगकर्ता सरकारी तथा गैरसरकारी निकाय, नीजि क्षेत्र, नागरिक समाज, अध्येता तथा अनुसन्धानकर्ता, अन्तर्राष्ट्रिय संघ संस्था एवं आम सर्वसाधारणको अद्यावधिक तथ्याङ्क तथा सूचकका मागलाई स्थानीय तहमा हुने तथ्याङ्कले हदसम्म सम्बोधन गर्ने अपेक्षा गर्न सकिन्छ । प्राप्त सूचक तथा तथ्याङ्कहरू स्थानीय तहको समग्र विकासका लागि अवलम्वन गरि योजना, सार्वजनिक नीति निर्माण र निर्णय प्रक्रियामा प्रयोग गरिन्छ् ।

नेपालमा तथ्याङ्कको इतिहास केन्द्रीय तथ्याङ्क विभागको जन्म सन् १९५९ मा तथ्याङ्क ऐन, २०१५ को व्यवस्था बमोजिम भएको हो । अहिलेको सूचना प्रविधि एवं तथ्याङ्क क्षेत्रमा आएको बृहत् परिवर्तनलाई समेट्न यो ऐन अपूरो नै छ । हाल नेपालको तथ्याङ्क प्रणालीमा देखिएका विविध समस्याहरूलाई ध्यानमा राखेर केन्द्रीय तथ्याङ्क विभागले अन्तर्राष्ट्रिय तथ्याङ्क प्रणाली विकासका नवीन प्रयासहरू तथा सूचना प्रविधि समेतलाई समायोजन गरी केन्द्रमा एक नयाँ तथ्याङ्क ऐन संगै स्थानीय तहमा समेत तथ्याङ्क व्यवस्थापन सम्बन्धि कानुनि तथा नीतिगत व्यवस्था जरुरी छ ।

महत्वपूर्ण तथ्याङ्कहरू सरकारी व्यवस्थापनको नियमित प्रक्रिया अन्तर्गत राखिएका अभिलेखहरूबाट उपलब्ध हुने गरेका छन् । केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय महत्वका विभिन्न गणना एवं सर्वेक्षणहरू सञ्चालन गर्नुका अतिरिक्त राष्ट्रिय लेखा तथ्याङ्कका अनुमानहरू तथा आर्थिक सूचकाङ्कहरु पनि तयार पार्दछ । विभिन्न मन्त्रालय तथा अन्तर्गतका निकायहरूले आफ्ना आवश्यकता अनुसार विविध तथ्याङ्कहरू सङ्कलन एवं प्रकाशन गर्दछन् । सरकारी निकायहरूले आ–आफ्ना प्रशासनिक प्रणाली वा आफ्ना मुख्य कार्यका सिलसिलामा प्राप्त गरेका सूचनाहरूबाट उपलब्ध हुने तथ्याङ्कहरूको विशेष महत्व छ ।

तथ्याङ्क र वस्तुगत विवरण (पार्श्वचित्र), यसको महत्व र आवश्यकतालाई बुँदागत रुपमा यसप्रकार उल्लेख गरिन्छ:

- स्थानीय तहलाई योजना तर्जुमा तथा नीति निर्धारणका लागी आवश्यक तथ्याङ्क उपलब्ध गराउनु।
- स्तरीय तथ्याङ्क संकलनका लागि सर्वमान्य विधि र परिभाषाको विकास गरी तिनको प्रयोग गर्न गराउन।
- भविष्यको लागि आवश्यक पर्नसक्ने तथ्यांकीय क्षेत्रहरु खोजी गर्दै तिनको तथ्याङ्क उत्पादन गर्न।
- स्थानीय स्तरमा उत्पादित तथ्याङ्कहरुको गुणस्तर कायम गर्न समन्वयात्मक भूमिका निर्वाह गर्न।
- तथ्याङ्क–निकायहरुबीच समन्वय गरी एकीकृत तथ्याङ्क संकलन प्रणालीको विकास गर्न।
- दिगो विकास लक्ष्यमा सुचनाको अद्यावधिक र विश्लेषण गर्न।
- आर्थिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्न।
- तथ्याङ्क सम्बन्धी विभिन्न गतिविधिलाई निर्देशन दिन र नियन्त्रण गर्न।
- तथ्याङ्कसँग सम्बन्धीत राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम, गोष्ठी, सेमीनार आयोजना गर्न, गराउन।
- समग्र क्षेत्रको तथ्याङ्क संकलन, गरी उपलब्ध गराउन।
- तथ्याङ्क अभिलेखहरु सुरक्षित रुपमा राख्न।
- अन्तराष्ट्रिय प्रविधि खोजी गरी तथ्याङ्क संकलनलाई वैज्ञानिक, भरपर्दो र उपयोगी बनाउँदै लैजान।
- अर्थतन्त्रमा भएको परिवर्तनको अध्ययन गर्न।
- स्थानीय तहमा तथ्याङ्क नियमित एवं भरपर्दो तथ्याङ्क उपलब्ध गर्ने पद्धतिको विकास गर्न।

विषय सुची

बुलिङटार गाउँपालिकाको बस्तुगत विवरण (पार्श्वचित्र) २०७५ – सारांश 5
प्रकाशकीय 6
चित्र सुची 12
तालिका सुची 13
१. परिचय/भूमिका 16
क) वस्तुगत विवरण प्रकाशन गर्नुको उद्देश्य 18
ख) तथ्याङ्क संकलन गर्न तथा पार्श्वचित्र निर्माण गर्न प्रयोग गरिएका विधिहरु 19
ग) वस्तुगत विवरणको सीमा 20
२. गाउँपालिकाको परिचय 21
३. स्थानीय चाडपर्व, जात्रा र मेलाको विवरण 23
४. पर्यटकीय स्थलहरुको विवरण 26
५. वर्तमान भू–उपयोग सम्वन्धी विवरण 26
६. सिंचित क्षेत्रफलको विवरण 27
७. वन क्षेत्र-नर्सरी सम्वन्ध 27
८. सरकारी-सार्वजनिक जग्गाहरुको विवरण 27
९. जनसंख्या वितरणको अवस्था 27
१०. वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण 28
११. उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण 28
१२. आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था 29
१३. मातृभाषाको आधारमा जनसंख्याको विवरण 30
१४. धर्मको आधारमा जनसंख्याको विवरण 30
१५. जातियताको आधारमा जनसंख्याको विवरण 31
१६. लिंग र उमेरका आधारमा घरमुलीको विवरण 31
१७. १० वर्ष र सो भन्दा माथिका महिलापुरुषहरुको पहिलो पटक बिबाह गरेको उमेरको आधारमा जनसंख्या 32
१८. अपांगताको आधारमा जनसंख्या 32
१९. अपांगता परिचयपत्र लिएका वालवालिकाको विवरण 33
२०. घरको प्रकारको आधारमा घरधुरी संख्या 34
२१. स्वामित्वको आधारमा घरपरिवारको वसोवासको अवस्था 34
२२. खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्वन्धी विवरण 34
२३. इन्धनको प्रयोगको आधारमा घरपरिवार विवरण 35
२४. बत्ती प्रयोगको आधारमा घरपरिवार विवरण 35
२५. उपलब्ध सेवा सुविधाको आधारमा घरपरिवार विवरण 36
२६. शौचालय प्रयोगको आधारमा घरपरिवार विवरण 36
२७. वसाई सराई सम्वन्धी विवरण 37
२८. खाद्यान्न आत्मर्निभरताको अवस्था 37
२९. स्वामित्वको प्रकारको आधारमा "महिला" घरमुली सम्वन्धी विवरण 38

३०. भूस्वामित्व सम्वन्धी विवरण 38
३१. परिवारको स्वामित्वमा रहेको जग्गा जमिन सम्वन्धी विवरण 38
३२. आर्थिक वर्ष २०७४।०७५ को पञ्जिकरणको विवरण 39
३३. आर्थिक वर्ष २०७४।७५ मा भएको नागरिकता तथा अन्य सिफारिसहरुको विवरण 39
३४. ज्येष्ठ नागरिक तथा एकल महिलाहरुको विवरण (आ.व.२०७२।०७३) 39
३५. आ.व. २०७४/७५ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण 40
३६. शैक्षिक संस्थाहरुको विवरण 40
३७. विश्वबिद्यालय तथा कलेजहरु 42
३८. १६ बर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसंख्याको बिबरण 42
३९. बिद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राहरुको विवरण (५ देखि १५ वर्ष उमेर समूह) 42
४०. ५ बर्ष र सो भन्दा माथिकाको शैक्षिक अबस्था 43
४१. विद्यालयमा भर्ना नभएका तथा विद्यालय छाडेका वालवालिकाहरुको बिबरण 43
४२. कूल साक्षरता दरमा महिलाहरुको हिस्सा (१५ वर्ष र सो भन्दा माथि) 44
४३. वडा अनुसार साक्षरता प्रतिशत 44
४४. विद्यालहरुमा शौचालयको विवरण 45
४५. विद्यालयको शिक्षक बिवरण 47
४६. शिक्षक तथा कक्षा कोठाको पर्याप्तता 49
४७. विद्यमान स्वास्थ्य सेवाहरु 51
४८. खोप सेवाको विवरण 54
४९. खोप सेवा छोडने बालबालिकाको अबस्था 54
५०. कुपोषणको अवस्था 54
५१. दीर्घ रोगको कारणले मृत्यु भएका सम्वन्धी विवरण 55
५२. लिंग अनुसार वाल बिवाह सम्वन्धी विवरण (१८ वर्ष मुनिका) 55
५३. कामदारको रुपमा घर-परिवारवाट घर वाहिर गएका बालवालिकाहरुको विवरण 56
५४. श्रमिक वालवालिकाको प्रकार 56
५५. वालवालिकाहरुको हत्या अपहरण सम्वन्धी विवरण 57
५६. वडागत बालक्लबहरुको विवरण 57
५७. बालक्लव तथा बाल समुहले प्रतिनिधित्व गरेका संघ संस्थाहरुको विवरण 57
५८. DCWB मा दर्ता भई गा.पा.. अन्तर्गत रहेका बालक्लबहरुको संख्या 57
५९. जन्मदर्ता भएका बालबालिकाको संख्या 57
६०. परिवार विहीन बालबालिकाको अबस्था 57
६१. महिला हिसां सम्बन्धि विवरण 57
६२. वातावरण तथा सरसफाई 58
६३. फोहरमैला ब्यवस्थापन 58
६४. सेवा प्रवाह विवरण 58
६५. कृषि सेवा केन्द, उपकेन्द्र, कृषक समूह, ...59
६६. पशु सेवा केन्द्र, उपकेन्द्र, कृषक समूह 59
६७. हुलाक सेवा केन्द 59

६८. गाउँपालिकाका हालका भवनहरु 59
६९. वसपार्क वा वस स्टेशन 60
७०. सिचांईको स्रोत 60
७१. तालतलैया र प्राकृतिक पोखरीको नाम (सिमसार/रामसार क्षेत्र समेत) 60
७२. गाउँपालिकाको टाढाको वस्तीबाट सम्बन्धित गा.पाको केन्द्र पुग्न लाग्ने अनुमानित समय (घण्टा) 60
७३. वैंक तथा वित्तीय संस्था 61
७४. खुला क्षेत्र 61
७५. अचल सम्पती विवरण 61
७६. धार्मिक स्थल 61
७७. सडक सञ्जालको विद्यमान अवस्था 62
७८. निर्माणाधीन गाउँ स्तरीय सडकहरु 62
७९. गा.पा. क्षेत्रभित्र रुट परमिट लिएर संचालन भएका सवारी साधनहरुको विवरण 62
८०. गा.पा. क्षेत्र चल्ने सवारी साधनहरुको विवरण 62
८१. विद्यमान सतह ढलको अवस्था 63
८२. सार्वजनिक शौचालय सम्वन्धी विवरण 63
८३. प्रकोपबाट भएको क्षति सम्वन्धी विवरण (आ.व. २०७१/७२ देखि ०७३।०७४ को) 63
८४. विपद व्यवस्थापन पूर्व तयारी सम्वन्धी विवरण 63
८५. शहरी विद्युतीकरण 64
८६. दुर संचार सम्बन्धी विवरण 64
८७. झोलुङ्गे पुल-पुलपुलेसा सम्वन्धी विवरण 64
८८. व्यापारिक केन्द्रहरुको विवरण 64
८९. सामुदायिक भवनहरुको विवरण 65
९०. सार्वजनिक पाटीपौवा र चौतारा सम्वन्धी विवरण 65
९१. खेल मैदान सम्वन्धी विवरण 65
९२. पार्क तथा वाल उद्यान सम्बन्धी विवरण 65
९३. गाउँपालिका कार्यालयदेखि प्रत्येक वडाकेन्द्र सम्मको दूरी 65
९४. गाउँपालिका क्षेत्रभित्र गठन भएका टोल विकास संस्थाहरुको विवरण 66
९५. गाउँपालिकामा नव निर्वाचित जनप्रतिनिधिहरुको नाम पद 66
९६. जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या विवरण 67
९७. मुख्य पेशा सम्वन्धी विवरण 67
९८. औसत मासिक पारिवारिक आम्दानी विवरण 68
९९. औसत मासिक पारिवारिक वचत विवरण 68
१००. बैदेशिक रोजगार र विप्रेषण (रेमिटान्स)को विवरण 69
१०१. वार्षिक कृषि उत्पादन सम्वन्धी विवरण 72
१०२. पशुधन तथा सोबाट हुने उत्पादनको अवस्था सम्वन्धी विवरण 73
१०३. औद्योगिक तथा व्यापार, व्यवसाय सम्बन्धी विवरण 73
१०४. गाउँपालिकाले २०७४/७५ मा सञ्चालन गर्ने प्रमुख कार्यक्रम तथा योजनाहरु 74
१०५. गाउँपालिकाको संगठनात्मक ढाँचा 77

१०६. गाउँपालिकाको कार्यालयमा हाल कार्यरत कर्मचारीहरुको विवरण....78
१०७. बुलिङटार गाउँपालिकाका विभिन्न विषयगत समितिहरु....79
१०८. सरकारी कार्यालयहरुको नाम, टेलिफोन विवरण....81
१०९. स्थानीय राजनैतिक दलहरु....82
११०. गाउँपालिकाको भगिनी सम्बन्ध रहेको संस्था....82
१११. गाउँपालिकाको स्थापनाकालदेखि हालसम्मका प्रमुखहरुको विवरण....82
११२. विमानस्थलको विवरण....82
११३. शवदाह स्थलहरुको विवरण....83
११४. विशेष ब्यावसायिक खेती र उत्पादन हुने मुख्य कृषि बाली....83
११५. गाउँपालिका क्षेत्रभित्र रहेका होटलहरुको विवरण....83
११६. बेरोजगारको तथ्याङ्क....85
११७. सुरक्षा ईकाईहरु....85
११८. सहकारी संस्थाहरुको विवरण....86
११९. एफ.एम र रेडियो स्टेशनहरुको विवरण....86
१२०. सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलाप....86
१२१. प्राकृतिक स्रोत (खानी र खनिज आदि)....86
१२२. पशुपंक्षी र वन्यजन्तुको विवरण....87
१२३. सुकुम्वासीको तथ्याङ्क....87
१२४. अल्पसंख्यक र सिमान्तकृत बर्गको तथ्याङ्क....87
१२५. घरभाडामा बस्नेहरुको विवरण....88
१२६. गाउँपालिकाभित्र रहेका विशेष, संरक्षित, स्वायत्त क्षेत्रको विवरण....88
१२७. गाउँपालिका आफैले बनाएका नियम र विनियमहरुको विवरण....88
१२८. गाउँपालिकाका अवसर, चुनौति र समस्याहरु....88
१२९. गाउँपालिकाका विकास सम्भावनाहरु....91
बुलिङटार गाउँपालिकाको स्रोत नक्साहरु....92

चित्र सुची

चित्र १: बुलिङटार गाउँपालिका र अन्य स्थानीय तह सँग यसका सिमानाहरू 21
चित्र २: बुलिङटार गाउँपालिकाको बार्षिक तापक्रम र वर्षाको अवस्था 23
चित्र ३: बुलिङटार गाउँपालिकाको कुल आम्दानीमा आम्दानी स्रोत को हिस्सा प्रतिशत 69
चित्र ४: बुलिङटार गाउँपालिकाबाट भरतपुर विमानस्थल सम्म पुग्न लाग्ने दुरी र समय 82
चित्र ५: बुलिङटार गाउँपालिकाको एक सामान्य होटल 84
चित्र ६: गाउँपालिकाको वडा बिभाजन 93
चित्र ७: गाउँपालिका को प्रशासनिक सिमांकन (पुराना वडा विभाजन सहित) 94
चित्र ८: भू-उपयोगका आधारमा गाउँपालिकाको नक्सा 95
चित्र ९: बुलिङटार गाउँपालिका का प्रमुख नदीहरु 96
चित्र १०: गाउँपालिकाको सडक संजाल 97
चित्र ११: गाउँपालिकाको उचाई विवरण (CONTOUR MAP) 98
चित्र १२: गाउँपालिकाको DIGITAL ELEVATION MAP 99
चित्र १३: गाउँपालिका को सडक (ROADS CLASSIFIED) 100

तालिका सुची

तालिका १: बुलिङटार गाउँपालिकाका मुख्य बस्तीहरु (वडा अनुसार)....22
तालिका २: बुलिङटार गाउँपालिकाको बार्षिक तापक्रम र वर्षाको अवस्था....22
तालिका ३: बुलिङटार गाउँपालिका भित्र मनाइने चाडपर्वहरु....24
तालिका ४: बुलिङटार गाउँपालिकाको पर्यटकीय स्थलहरुको विवरण....26
तालिका ५: बुलिङटार गाउँपालिका को वर्तमान भू-उपयोग सम्वन्धि विवरण....26
तालिका ६: सिंचित क्षेत्रफलका आधारमा भू-उपयोगको अवस्था....27
तालिका ७: सरकारी-सार्वजनिक जग्गाहरुको विवरण....27
तालिका ८: राष्ट्रिय जनगणना २०६८ र बुलिङटार गाउँपालिका प्रोफाइलका लागि गरिएको घरधुरी सर्वेक्षणका आधारमा जनसंख्याको तुलनात्मक अध्ययन....28
तालिका ९: वडा स्तरीय घरधुरी तथा लिंगका आधारमा जनसख्याको वितरण....28
तालिका १०: उमेर तथा लिंगका आधारमा जनसख्याको वितरण....28
तालिका ११: आर्थिक रुपले संक्रिया जनसंख्या....29
तालिका १२: भाषा भाषिका आधारमा जनसंख्याको वितरण....30
तालिका १३: धर्मका आधारमा जनसंख्याको बितरण....30
तालिका १४: जात/जातिका आधारमा जनसंख्याको वितरण....31
तालिका १५: लिङ्ग र उमेरका आधारमा घरमुलीको विवरण....31
तालिका १६: १० बर्ष भन्दा माथिका महिलापुरुषहरुको पहिलो पटक बिबाह गरेको उमेरका आधारमा जनसंख्या....32
तालिका १७: अपाङ्गताका आध्रारमा जनसंख्या....32
तालिका १७: अपाङ्गताको प्रकार आध्रारमा जनसंख्या....33
तालिका १८: परिचय पत्र लिने आपांगहरुको संख्या (१८ बर्ष मुनी)....33
तालिका १९: घरको प्रकारको आधारमा घरधुरीको अवस्था....34
तालिका २०: स्वामित्वका आधारमा परिवारको अवस्था....34
तालिका २१: खाने पानीको स्रोतको आधारमा घरपरिवारको बितरण....34
तालिका २२: मुख्य रुपमा प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको बिवरण....35
तालिका २३: मुख्य रुपमा प्रयोग गर्ने बत्तिको स्रोतको आधारमा घरपरिवार बिवरण....35
तालिका २४: उपलब्ध सेवा सुबिधाको आधारमा घर परिवारको बिवरण....36
तालिका २५: शौचालय भए-नभएको आधारमा घरपरिवारको विवरण....36
तालिका २६: शौचालय भएका घरधुरीमा शौचालयका प्राकार....36
तालिका २७: पछिल्लो ४ वर्ष (२०७१-२०७५) सम्म गा. पा. मा बसाई सराइ गरि आएकाहरुको बिवरण....37
तालिका २८: खाद्यान्न आत्मनिर्भरताको अवस्था बिवरण....37
तालिका २९: लिंगका आधारमा घरमुलीको स्वामित्व....38
तालिका ३०: भूस्वामित्व सम्बन्धी बिवरण....38
तालिका ३१: परिवारले वसोवास गर्ने घरको जग्गाका स्वामित्व....38
तालिका ३२: आर्थिक वर्ष २०७४।०७५ को पञ्जिकरणको विवरण....39
तालिका ३३: आर्थिक वर्ष २०७४।०७५ मा भएको नागरिकता तथा अन्य सिफारिसहरुको विवरण....39
तालिका ३४: ज्येष्ठ नागरिक तथा एकल महिलाहरुको विवरण....40
तालिका ३५: सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण....40
तालिका ३६: गाउँपालिकामा रहेका बिद्यालयहरुको विवरण....40
तालिका ३७: १६ बर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसंख्याको बिबरण....42
तालिका ३८: बिद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राहरुको विवरण (५ देखि १५ वर्ष उमेर समूह)....42
तालिका ३९: ५ बर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसंख्याको बिबरण....43

तालिका ४०: विद्यालयमा भर्ना नभएका वालवालिकाहरुको बिबरण....43
तालिका ४१: विद्यालयमा भर्ना नभएका वालवालिकाहरुको बिबरण....44
तालिका ४२: कूल साक्षरता दरमा महिलाहरुको हिस्सा....44
तालिका ४३: वडा अनुसार साक्षरता प्रतिशत....44
तालिका ४४: बिद्यालयहरुमा शौचालय को अवस्था....45
तालिका ४५: बिद्यालयमा शिक्षकको विवरण....47
तालिका ४६: बिद्यालयहरुमा शिक्षक बिधार्थी र कक्षा कोठाको अवस्था....49
तालिका ४७: गाउँपालिकामा रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरु....51
तालिका ४८: खोप सेवा प्राप्त गर्ने बालबालिकाको विवरण....54
तालिका ४९: १-३ वर्ष को बालबालिकाको उमेर अनुसार शारीरिक बिकाशको विवरण....54
तालिका ५०: १-३ वर्ष को बालबालिकालाई स्तनपान गराएको अवधि सम्बन्धि विवरण....55
तालिका ५१: पछिल्लो तिन वर्षमा दिर्घ रोग तथा दुर्घटनाबाट मृत्यु हुनेहरुको विवरण....55
तालिका ५२: बाल बिबाहको अवस्था....55
तालिका ५३: कामदारको रुपमा घर-परिवार बाट घर बाहिर गएका बालबालिका विवरण....56
तालिका ५४: श्रमिक वालबालिका को प्रकार (गा.पा. बाहिर रहेर श्रम गर्ने बालबालिका)....56
तालिका ५५: जन्मदर्ता भएका बालबालिकाहरु....57
तालिका ५६: महिला हिंसा सम्बन्धि विवरण....57
तालिका ५७: बातावरण तथा सरसफाई....58
तालिका ५८: गाउँपालिका बाट हुने सेवा प्रबाह....58
तालिका ५९: कृषि सेवा केन्द्र....59
तालिका ६०: पशु सेवा केन्द्र, उपकेन्द्र....59
तालिका ६१: हुलाक सेवा....59
तालिका ६२: गाउँपालिकाका हालका भवनहरु....59
तालिका ६३: सिचाई स्रोत उपयोग गर्ने घरधुरीहरू....60
तालिका ६४: गाउँपालिकाको कार्यालयदेखि वडाकेन्द्र सम्मको दूरी र पुग्न लाग्ने अनुमानित समय....60
तालिका ६५: गाउँपालिकामा अवस्थित बैंक, सहकारी तथा वित्तीय संस्था....61
तालिका ६६: गाउँपालिकामा अवस्थित धार्मिक आस्थाका केन्द्रहरु....61
तालिका ६७: गाउँपालिका भित्र रहेका सडक संजाल....62
तालिका ६८: निर्माणाधीन सडकहरु....62
तालिका ६९: गाउँपालिका भित्र संचालन भएका सवारी साधनहरु....62
तालिका ७०: बिगत ३ बर्षमा प्रकोपबाट भएको प्रभावित भएका घरधुरी....63
तालिका ७१: विपद व्यवस्थापन समिति....63
तालिका ७२: दुरसंचारसंग सम्बन्धित विवरण....64
तालिका ७३: गाउँपालिकामा अवस्थित खेल मैदानहरु....65
तालिका ७४: गाउँपालिका कार्यालय देखि वडाको केन्द्र सम्मको दुरी....65
तालिका ७५: गाउँपालिकाका निर्बाचित जनप्रतिनिधिहरु....66
तालिका ७५: जनचेतनामुलक तालिम गोस्थिमा सहभागीहरुको संख्या....67
तालिका ७६: परिवारको मुख्य पेशाका आधारमा घरधुरीको संख्या....67
तालिका ७७: वडाका आधारमा औसत मासिक पारिवारिक आम्दानी....68
तालिका ७८: औसत बचत....68
तालिका ७९: बुलिङटार गाउँपालिका बाट बैदेशिक रोजगारीमा जानेको संख्या र अवस्था....69
तालिका ८०: काम को प्रकृतिको आधारमा बुलिङटार गाउँपालिका बाट बैदेशिक रोजगारीमा जानेको संख्या....70
तालिका ८१: बुलिङटार गाउँपालिकामा वैदेशिक रोजगारी बाट भित्रिएको वार्षिक आम्दानी....70
तालिका ८२: बार्षिक कृषि उत्पादन (केजी मा)....72
तालिका ८३: गाउँपालिकामा पशु पालनको अवस्था....73

तालिका ८४: गाउँपालिकामा दुध तथा मासु उत्पादनको अवस्था 73
तालिका ८५: गाउँपालिका भित्र रहेका पसल व्यवसाय....73
तालिका ८६: गाउँपालिकाले २०७४/७५ मा सञ्चालन गर्ने प्रमुख कार्यक्रम तथा योजनाहरु....74
तालिका ८७: गाउँपालिकाको संगठनात्मक ढाँचा 77
तालिका ८८: गाउँपालिकाका कर्मचारीहरुको विवरण 78
तालिका ८९: बुलिङटार गाउँपालिकाका विभिन्न विषयगत समितिहरु 79
तालिका ९०: बुलिङटार गाउँ कार्यपालिकाका विभिन्न समिति तथा उपसमितिहरु....79
तालिका ९१: सरकारी कार्यालयहरुको नाम, टेलिफोन विवरण 81
तालिका ९२: स्थानीय राजनीतिक दल....82
तालिका ९३: बुलिङटार गाउँपालिका भित्र भएका शबदाह तथा वधशाला स्थाल 83
तालिका ९४: कृषी बाली उत्पादनको अवस्था....83
तालिका ९५: गाउँपालिका क्षेत्रका होटलहरु....84
तालिका ९६: गाउँपालिकामा बेरोजगार युवा युवतीको अवस्था....85
तालिका ९७: गाउँपालिका क्षेत्र भित्र रहेका सुरक्षा इकाइहरु....85
तालिका ९८: गाउँपालिका क्षेत्र भित्र रहेका सहकारीहरु 86
तालिका ९९: घरपालुवा पशु पन्छी र वन्यजन्तुको विवरण....87
तालिका १००: बुलिङटार गाउँपालिका मा बसोबास गर्ने अल्पसंख्यक तथा सिमान्तकृतको संख्या 87
तालिका १०१: घर भाडामा बस्ने परिवारको संख्या....88
तालिका १०२: गाउँपालिका चुनौती, अवसरहरु....88

बुलिङटार गाउँपालिकाको पर्श्वचित्र २०७५

परिच्छेद –१
पर्श्वचित्र निमार्णको अवधारण, औचित्य र प्रक्रिया

१. परिचय/भूमिका

विकेन्द्रीकरण मार्फत् स्थानीय स्वशासन प्रक्रियालाई व्यवस्थित गर्ने अभिप्रायले नेपालको संविधान २०७२ जारी गरि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरण भइसकेको आवस्थामा सबै स्थानीय तहहरुले प्राप्त अधिकारहरुको उच्चतम अभ्यासका लागि सबै भन्दा पहिलो आवश्यकता स्थानीय तहहरुको बिस्तृत र सही बस्तुगत विवरण नै हो जसका आधारमा स्थानीय कानुन, नीति निर्माण, कार्यक्रम, स्थानीय स्रोतको परिचालनका लागि ति निकायहरुले समसामयिक सूचनामा आधारित रहेर आवधिक योजना तयार गर्नु पर्ने र आवधिक योजनाको लागि सूचना, तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गर्नु पर्ने स्पष्ट कानुनी व्यवस्था गरेको छ। नयाँ संघीय संरचना पछी नेपालको संविधानले स्थानीय, प्रदेश र संघीय सरकार गरी तिन वटा संरचनाहरु निर्माण पछी स्थानीय तहका तथ्याङ्कहरुको अभिलेखीकरण गर्ने आधिकार गाउँ र नगरपालिकाबाट नै कार्यन्वयन गर्ने नियम अनुसार बुलिङटार गाउँपालिकाको विभिन्न चरणको बैठक, परामर्श तथा छलफल पछि नेशनल फ्युचर फाउनडेशन प्रा.लि., नवलपरासी (वर्दघाट सुस्तापूर्व) को प्राबिधिक सहयोग र सहकार्यमा गाउँपालिकाको जनसांख्यिक विवरण र विश्लेषण, आर्थिक विकासका अवस्था र क्षेत्र, सामाजिक विकासको अवस्था र क्षेत्र, भौतिक विकासको अवस्था र क्षेत्र, वन तथा वातावरणको अवस्था र क्षेत्र तथा संस्थागत विकास र सुशासनको अवस्था सम्बन्धी तथ्याङ्कलाई संकलन, विश्लेषण गरी गाउँपालिकाको वृहत तथ्याङ्क सहितको पर्श्वचित्र तयार गरिएको छ।

समसामयिक तथा दिगो विकासका लागि प्रभावकारी योजना र योजनाका लागि गुणस्तरीय तथ्याङ्क अपरिहार्य छ। कुनै पनि विकास योजनाको सफलता, जानकारी कुन स्तरमा भएको छ भन्ने कुराको वास्तविक मूल्याङ्कन सही तथ्याङ्कबाट मात्र मापन गर्न सकिन्छ। गुणस्तरीय तथ्याङ्कले आर्थिक, भौतिक तथा सामाजिक विकासका लागि सही र बैज्ञानिक निर्णय लिन एवं जनमैत्री नीति नियमहरु निमार्ण गर्न साथै विद्यमान नीति नियमहरुको समयानुकल परिमार्जन गर्न, र समुदायका सबै नागरिकहरुबीच विगत, वर्तमान र भविष्यको अवस्था बारे प्रमाण प्रदान गर्न सक्छ। गुणस्तरीय तथ्याङ्क को अभावमा हुने विकास योजना फितलो बन्न सक्छ भन्ने कुरामा कसैको पनि दुइमत छैन। आजको प्रतिस्पर्धात्मक समयमा विकासलाई बढ्दो विश्वव्यापीकरणसँग तुलना गरेर समेत हेर्नु पर्ने वातावरण बन्दै गइरहेको छ । यसका लागि भरपर्दो तथ्याङ्कको आवश्यकता पर्दछ । गाउँपालिकाको आवाधिक योजना निमार्ण गर्न र योजना अनुसारका कार्यक्रम, परियोजना तथा विकासका क्रियाकलाप सञ्चालन

गर्नका लागि सबै पक्षको तथ्याङ्कको जरुरत पर्दछ । यसमा पनि प्राथमिक स्रोतबाट संकलन गरिएका तथ्याङ्कहरु अन्य द्धितीय स्रोतबाट संकलन गरिएका भन्दा बढी महत्वपूर्ण र गुणस्तरीय हुन्छ ।

परम्परागत तथ्याङ्क संकलनका माध्यम तथा तरिकाहरुबाट प्रभावकारी र गुणस्तरीय तथ्याङ्क संकलनमा कठिनाइ उत्पन्न हुने गर्दछ भने आर्थिक स्रोत साधनको समेत मितव्यायिता नहुने हुँदा आधुनिक प्रविधिहरुको प्रयोगलाई अबलम्बन गर्नु पर्ने आवश्यकता संगै यस गाउँपालिकाको सम्पूर्ण घरधुरीको विवरणलाई मोवाइल प्रविधिको प्रयोग गरी संकलन गर्ने प्रयास गरिएको छ । जसबाट समय र आर्थिकस्रोतमा मितव्यायिताका साथै तथ्याङ्कको गुणस्तरीयतामा समेत सुधार आएको पाइएको छ ।

परिस्थितिको विश्लेषणः

गाउँपालिकाको पर्श्वचित्र निमार्ण, आवधिक योजना निमार्ण तथा बार्षिक कार्यक्रम र बजेटहरुको वितरणमा वैज्ञानिक विश्लेषण हुन नसकेको वर्तमान अवस्थामा विकासलाई समानुपाति ढंगबाट अघि बढाउन सकिएको छैन । वास्तविक तथ्याङ्क नहुँदा पूर्व सहस्राब्दी विकास लक्ष्य का साथै नयाँ जारी गरिएका दिगो विकास लक्ष्यका सूचकहरु प्राप्त गर्ने काममा समेत कठीनाइ उत्पन्न हुने हुँदा वर्तमान अवस्थामा सत्य र वस्तुगत तथ्याङ्कबारे देखिएका समस्याहरुलाई निम्न बमोजिम उल्लेख गरिएको छ ।

- तथ्याङ्क संकलनलाइ अव्यवस्थित र परम्परागत तरिकाबाट गरिएको तथ्याङ्कमा मानवीय त्रुटी रहनु र गाउँपालिकाको वास्तविक अवस्था थाहा हुन नसक्नु ।
- विभिन्न समयमा चाहिने खण्डीकृत तथ्याङ्कको प्रतिवेदन निमार्ण गर्नका लागि समय र आर्थिक भार परिरहने ।
- घरधनीले विवरण बताएको भरमा संकलकहरुबाट संकलन गर्दा हुनसक्ने गल्ति कमजोरीहरुलाई न्यूनीकरण गर्न प्रविधिको उपयोगिता नहुँदा सही तथ्याङ्क विवरण उपलब्ध हुन नसक्नु ।
- विभिन्न कार्यक्रम र परियोजना सञ्चालन पछि भएको परिवर्तनका सम्बन्धमा अनुगमन तथा रुजु गर्नका लागि गाउँपालिकामा समेत यथेष्ठ प्रमाणका आधारहरु हुन नसक्नु ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाको बैज्ञानिक वितरण र नीति निमार्ण गर्ने आधार तयार गर्नका लागि सही डाटाको व्यवस्थापन हुन नसक्नु ।
- गरीवी, विपन्न र पछाडीएका जातजातीहरुको यथेष्ठ प्रमाणहरु गाउँपालिकाको कार्यालयमा व्यवस्था हुन नसक्नु ।
- कागजबाट संकलन गरिएको तथ्याकंलाई पुन कम्पयूटरमा राखी विश्लेषण गर्नु पर्ने हुँदा दोहोरो काम र त्रुटी बढी हुन सक्ने अवस्था सृजना हुनु ।
- पटक पटक तथ्याङ्क संकलन गरिए पनि वस्तुगत र यर्थात परक तथ्याङ्क नहुँदा लागत मूल्यमा बृद्धि भइ आर्थिक भार बढी हुने ।

माथि उल्लेखित तथ्याङ्क तथा सूचना व्यवस्थापनबाट हुने प्रत्यक्ष तथा अप्रत्यक्ष कठीनाइहरुलाई व्यवस्थित गर्न सकेको खण्डमा गाउँपालिकाको समग्र विकासमा दीर्घकालिन प्रभाव पर्ने र दिगो विकासका कार्यक्रम सञ्चालन गर्नका लागि सहयोग पुग्ने छ।

स्थानीय तहको बस्तुगत विवरण तयार गर्नुपर्ने कानुनी आधार

१. **नेपालको सबिधान २०७२:** को अनुसूची–८ (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित) स्थानीय तहको अधिकारको सूचीमा उल्लेख भए अनुसार बुदा न ६, १३, र १७ अनुसार स्थानीय तहको तथ्याङ्क तथा अभिलेख संकलन, स्थानीय अभिलेख व्यवस्थापन, बेरोजगार तथ्याङ्क संकलनको अधिकारको संबैधानिक प्राबधान भएको हुँदा

२. **स्थानीय शासन संचालन ऐन २०७४**

तथ्याङ्क सम्बन्धी निम्न बमोजिम कार्य स्थानीय तहबाट नै गर्नु पर्ने प्राबधान भएको:

१. स्थानीय तथ्याङ्क सम्बन्धी नीती , कानून, मापदण्ड, योजना कार्यान्यन र अनुगमन;
२. आधारभुत तथ्याङ्क सङ्कलन र व्यवस्थापन;
३. जन्म, मृत्यु, बिबाह, सम्बन्ध बिच्छेद, बसाइ सराइ आदिको दर्ता, र पारिवारिक लगतको अभिलेख तथा पंजीकरण व्यवस्थापन;
४. सूचना तथा सञ्चार, प्रबिध युक्त आधारभतू तथ्याङ्कको सङ्कलन र व्यवस्थापन; र
५. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य।

क) वस्तुगत विवरण प्रकाशन गर्नुको उद्देश्य

बुलिङटार गाउँपालिकाको सामाजिक, आर्थिक, भौगोलिक लगायतको समग्र वस्तुस्थिति झल्काई गाउँपालिकाको आवधिक र दिगो विकास योजना तर्जुमा गर्न आधार रेखा (Baseline) तथ्याङ्क उपलब्ध गराउनु यस वस्तुगत विवरणको मूल उद्देश्य हो । आवश्यक सूचना तथा तथ्याङ्कहरू उपलब्ध गराई गाउँपालिकाको विस्तृत पार्श्वचित्र तयार गर्न वस्तुगत स्थिति विश्लेषण गर्न सहयोग गर्नु यस दस्तावेजको अर्को प्रमुख उद्देश्य हो। यस वस्तुगत विवरणका थप विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन्ः–

१. बुलिङटार गाउँपालिकाको वस्तुस्थितिको बारेमा जानकारी गराउन।
२. गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, भौगोलिक, राजनीतिक वातावरणको बारेमा अभिलेखीकरण गर्न।
३. गाउँपालिकामा रहेका विभिन्न स्रोत साधनको उपलव्धता र स्थिति विश्लेषण गर्न।
४. गाउँपालिकामा रहेका सरकारी कार्यालय, व्यावसाय तथा संघ संस्थाहरूको एकीकृत विवरण विश्लेषण गर्न।

५. गाउँपालिकाको विषयगत/क्षेत्रगत विकासका सम्भावनाहरूको बारेमा विश्लेषण गर्न ।
६. गाउँपालिकाको आवधिक/वार्षिक योजना तर्जुमाको लागि समग्र क्षेत्रको सूचना/तथ्याङ्क उपलब्ध गराउन ।

ख) तथ्याङ्क संकलन गर्न तथा पार्श्वचित्र निर्माण गर्न प्रयोग गरिएका विधिहरु

यो दस्तावेजको तयारीका क्रममा सर्वप्रथम गाउँपालिका स्थानीय विकास मन्त्रालयबाट जारी गरिएको गाउँपालिका पार्श्वचित्र तथा आवधिक योजना निर्देशिकाले व्यवस्था गरेबमोजिम विभिन्न विषयगत सूचनाहरूको लागि सूचना संकलन गर्नका लागि प्रश्नावली तयार गरियो । प्रश्नावलीलाई मोवाइल प्रविधिमा स्थानान्तरण गरी सफट्वयर प्रणालीसँग जोड्ने काम सम्पन्न गरिसके पछि बुलिङटार गाउँपालिका लगायत स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुसँगको छलफल गरियो । छलफलबाट आएका सुझाव तथा स्थानीय तह प्रतिनिधिहरुको अनुरोधमा केहि विशेष तथ्याङ्क संकलन गर्न प्रश्नावालिलाई संसोधन गरियो । तथ्याङ्क संकलकहरुलाई २ दिनको प्रशिक्षण प्रदान गरिएको थियो ।

पार्श्वचित्र तयार गर्नका लागि निम्न चरणहरु पुरा गरिएको छ ।

१. तथ्याङ्क संकलनका लागि प्रश्नावली तयार

पार्श्वचित्र निर्माण गर्न तयार गरिने प्रश्नावली स्थानीय विकास मन्त्रालयबाट जारी गरिएको पार्श्वचित्र तथा आवधिक योजना निर्माण निर्देशिकालाई मार्गदर्शक साधनका रुपमा अवलम्बन गरिएको छ । मोवाइल प्रविधिमा आधारित सफटवयर निर्माण गरी प्रश्नावलीहरुलाई सफटवयरमा राखेर तथ्याङ्क संकलनलाई द्रुत गतिमा सम्पन्न गरिएको छ । प्रश्नावलीहरुलाई तर्कसंगत ढंगबाट नियन्त्रित गरिएको हुँदा मानवीय त्रुटीहरुलाई कम गरी प्रभावकारिता र मितव्यायितालाई वृद्धि गरि तथ्याङ्कलाई अद्यावधिक गरिएको ।

२. तथ्याङ्क संकलक स्वयंसेवकहरुको छनौट तथा तथ्याङ्क संकलन सम्बन्धि अभिमुखीकरण

गाउँपालिका पार्श्वचित्र निर्माण का लागि चाहिने सम्पूर्ण तथ्याङ्कका लागि सम्बन्धित वडाबाट योग्य तथ्याङ्क संकलकको छनौट गरियो । संकलक छनौट गर्दा अनुभवी, भौगोलिक जानकारी भएको र जनघनत्वलाई ध्यान दिइएको थियो भने जातीय, भाषिक, वर्ग र लैङ्गिक जस्ता साझा सवालहरुलाई समेत आधारको रुपमा लिइएको थियो । स्थानीय भाषाको ज्ञान भएको र स्मार्ट मोवाइल चलाउन जान्ने व्यक्तिलाई प्राथमिकता दिइएको थियो । तथ्याङ्क संकलन अवधिभर संकलकहरुको अनुगमन, निरीक्षण र आवश्यक पृष्टपोषण प्रदान गरिएको थियो ।

३. तथ्याङ्क रुजु गर्नका लागि गाउँपालिका स्तरीय जानकारी कार्यशालाको आयोजना

संकलित तथ्याङ्कहरुको विवरण सहित गाविस स्तरीय एक दिने कार्यशाला आयोजना गरियो भने प्रत्येक वडामा रहेका वडानगरिक मञ्चसँग समन्वय गरिएको छ । स्थानीय राजनीतिक दल, संघसस्था, अन्य सरोकारवाला र गाउँपालिका परिषदको सहभागितमा विभन्न विषयसँग सम्बन्धित व्यक्तिहरुबाट

कार्यशाला सहजीकरण भएको थियो । जसले गर्दा निर्माण गरिएको गाउँपालिका पार्श्वचित्र वास्तविक र स्तरीय हुने कुरालाई योगदान पुगेको छ ।

४. जनसंख्या, आर्थिक सामाजिक, संस्थागत तथा अन्य सम्पूर्ण तथ्याङ्कको विश्लेषण

संकलित तथ्याङ्कहरुलाई मोवाइलबाट कम्पयुटरमा स्थानान्तरण र भण्डारण गरिएको छ । यसरी संकलन गरिएको विस्तृत तथ्याङ्कमा प्राथमिक स्रोतबाट संकलन गरिएको सम्पूण घरधुरी र परिवारको अभिलेख, समूह छलफल, स्रोत व्यक्ति अर्नतर्वाता र प्रत्यक्ष जानरकारी संकलन गरीएका संस्थागत तथ्याङ्कहरु रहेका छन भने द्वितीय स्रोत अन्तरगत गाउँपालिकामो विगतको अभिलेख र पार्श्वचित्र, विभिन्न प्रकाशन, पत्रपत्रिका, इन्टरनेट आदिबाट प्राप्त गरिएको छ । तथ्याङ्कलाई विश्लेषण गर्नका लागि Microsoft Excel, Google Fusion Table जस्ता सफटवयरहरुको प्रयोग गरिएको छ । घरधुरी तथा संस्थागत तथ्याङ्कको GPS Tracking समेत गरि नक्साङ्कन गरिएको छ । प्राप्त GPS रेकर्डको आधारमा GIS एक्सपर्टबाट नंकसाङ्कन गर्ने कामलाई पुर्णता दिइने काम सम्पन्न भएको छ । Arcview GIS 10.4, Open Street Map र अन्य भौगोलिक विश्लेषण गर्ने प्रविधिहरुको समेत उपयोग गरिएको छ ।

ग) वस्तुगत विवरणको सीमा

तथ्याङ्कको संकलन र त्यसको व्यवस्थापन आफैमा गहन बिषय हो । बस्तुगत विवरणको क्षेत्रलाइ निर्धारण गर्दा त्यसको उद्धेश्य र प्रयोजनलाइ आधार मानिएको पाइन्छ । स्थानीय तहको वस्तुगत विवरणमा स्थानीय तहलाई सेवा प्रदान गर्न र बिकासका आधार रेखाको रुपमा लिन धेरै विषयवस्तु समेटिने गर्दछन् । स्थानीय तहका शिक्षा, स्वास्थ्य, संचार, शान्तिसुरक्षा, यातायात, कृषि, पशुपालन र उद्योगधन्धा लगायतका पेशा व्यवसायका साथमा बालबालिका, महिला र अपांगता भएका ब्यक्तिहरुहरूको अवस्था तथा तिनलाई दिइएका सेवा र सुविधाका बारेमा पनि वस्तुगत विवरणमा तथ्याङ्क समावेश गराउनु आवश्यक हुन्छ । यद्दपी सबै क्षेत्र र विषयका आ-आफ्नै सिमितता र सिमा हुन्छन तसर्थ यस वस्तुगत विवरण तयारीको पनि आफ्नै क्षेत्र र सिमा रहेको छ । यस विवरणले बस्तुत बुलिङटार गाउँपालिका क्षेत्रको तथ्याङ्कलाई समेटेको छ । यसमा गाउँपालिका बाट उपलब्ध ढाँचामा गाउँपालिका विभिन्न प्रकारका सूचनाहरू यसमा संग्रह गरिएका छन् । यस अध्ययनमा स्थानीय विकास मन्त्रालयले उपलब्ध गराएको मार्ग दर्शन र ढांचा अनुसार तयार गरिएको आधारभूत सर्वेक्षण फारमवाट प्राप्त हुन सक्ने तथ्याङ्कलाई नै यसको विषयवस्तु मानिएको छ । वस्तुगत विवरण तयारीको क्षेत्र भौगोलिक रूपमा बुलिङटार गाउँपालिका रहेको छ भने विषयवस्तुका दृष्टिले स्थानीय विकास मन्त्रालयले तोकेको घरधुरी विवरणको फारमले समेट्ने विषयवस्तु समेटिएका छन् । यसमा विशेषगरी स्थलगत सर्वेक्षण गर्ने क्रममा घरधुरी सर्वेक्षण फारमको प्रयोग गरिएको छ भने यस बाहेक जनगणना २०६८ को प्रतिवेदन, गाउँपालिका र स्थानीय समुदायसँगको छलफल तथा समसामयिक बिषय बस्तु र बिभिन्न समयका अन्तरकृयाबाट पनि महत्वपूर्ण तथ्याङ्क संकलन गरिएको छ । त्यसपछि प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्ने कार्य गरी यो वस्तुगत विवरण तयार पारिएको छ ।

२. गाउँपालिकाको परिचय

२.१. ऐतिहासिक पृष्ठभूमि र नामाकरण

बुलिङटार गाउँपालिका नवलपरासी (वर्दघाट सुस्तापूर्व) जिल्लामा अवस्थित छ। वि.सं. २०७३ सालमा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागु गर्दा साविकका जौबारीको (४-९) वडाहरु, डाँडाझेरी, अर्खला, भारतीपुर, र बुलिङटार गाउँ विकास समितिहरुलाई समेटेर बुलिङटार गाउँपालिका घोषणा गरिएको हो।

यस बुलिङटार गाउँपालिकाको नामकरण तत्कालिन बुलिङटार गा.वि.स. को नाम बाट गरिएको हो।

२.२. भौगोलिक अवस्थिति (सीमाना) र क्षेत्रफल :

प्रदेश नं. ४ को नवलपरासी (वर्दघाट सुस्तापूर्व) जिल्लामा उत्तरी भेगमा अवस्थित यस बुलिङटार गाउँपालिका विश्व मानचित्रमा २७.७५०४७८ देखि २७.८४८७४६ उत्तरी अक्षांश र ८४.०९६१११ देखि ८४.३०१८२ पूर्वी देशान्तर सम्म फैलिएको छ। यस गाउँपालिका को कुल क्षेत्रफल १४७.६८ वर्ग कि.मि. रहेको छ। नेपालको कुल भूभाग को ०.०७८८ प्रतिशत, र नवलपरासी (वर्दघाट सुस्तापूर्व) जिल्ला को १४.१५ प्रतिशत भूभाग यस गाउँपालिकाले ओगटेको छ। यस गाउँपालिका को सिमाना पुर्व र उत्तरमा तनहु जिल्लाको देवघाट र ऋषिङ्ग गाउँपालिका; पश्चिममा बुंगदीकाली गाउँपालिका; र दक्षिणमा हुप्सेकोट गाउँपालिका, देवचुली नगरपालिका र गैंडाकोट गाउँपालिका सम्म फैलिएको छ।

चित्र १: बुलिङटार गाउँपालिका र अन्य स्थानीय तह सँग यसका सिमानाहरू

तालिका १: बुलिङटार गाउँपालिकाका मुख्य बस्तीहरु (वडा अनुसार)

गाउँपालिकाका मुख्य वस्तीहरु	
वडा नं.	**टोलको नाम**
१	साठीमुरी, कोटथर, अर्खला, देउढा, ढाडबेशी, खामबेशी, बकृमटार, थेउरे, मंचडाँडा, अर्गजे, खामडाँडा, ओखले, काफलडाँडा, हातीगौडा, सतिकोट
२	सानो टांडी, मथार, बोझा, गोठडाँडा, रामकोट, धवाजी, वरिमल, तेलगा, देउराली, खर्खरे, भाङवारी, टांडी, कोटा
३	खासुवा, सिगुवा, धारापानी, कोडथर, बाझोडाँडा, तानटार, चम्घा, दद्राली, भलाइटार, स्वामीडाँडा, माजथार
४	देउराली, उपल्लो अर्खला, तल्लो अर्खला, सीनचाङ्ग, कोखेटार
५	राईकोट, भदौरी, नपाक, जौवारी, आडघर, भालुखोला, गेपा, आमडाँडा
६	ढासीटोल, हडाहाटोल, अत्रोलि, खजुरी, घुमाडी, ठटरी, देउपुर, चैनपुर, भारतेपुर, सितलपुर, भावाहटोल

स्रोत: बुलिङटार गाउँपालिका पश्चचित्र निर्माण सर्वेक्षण २०७४/७५

२.३. भौगोलिक स्वरुप

यस गाउँपालिका मध्य-पहाडी भेगमा अवस्थित छ र यसको भूधरातल मुख्यतय भित्रि मधेश र महाभारत पर्वतहरुले ढाकेको छ।

२.४. हावापानी

समुन्द्र सतह देखि २४० मिटर देखि १७८० मिटर सम्मको उचाइमा रहेको बुलिङटार गाउँपालिकाको हावापानी उष्ण मनसुनी तथा न्यानो समशीतोष्ण हावापानी भएको क्षेत्र हो। यो गाउँपालिका भित्रि मधेश तथा मध्य पाहाडमा अवस्थित छ। यस गाउँपालिकाको सरदर तापक्रम गर्मी याममा ३९ डिग्री से. सम्म हुन्छ भने शीतकालमा १० डिग्री से.सम्म ओर्लिन्छ। वर्षा ऋतु(जेठ-भाद्र) मा यहाँ सरदर ११० सेन्टिमिटर सम्म वर्षा हुन्छ। कृषि कार्य (विशेषत धान, मकै, कोदो, अदुवा) का लागि यहाँको हावापानी उपयोगी मानिन्छ।

तालिका २: बुलिङटार गाउँपालिकाको बार्षिक तापक्रम र वर्षाको अवस्था

महिना	औसत उच्चतम तापक्रम (डिग्री सेल्सियस)	औसत न्युनतम तापक्रम (डिग्री सेल्सियस)	औसत वर्षा (सेन्टिमिटर)
जनवरी (पौष-माघ)	२५°	१०°	२.२
फेब्रुअरी (माघ-फाल्गुन)	२६°	१२°	३.४
मार्च (फाल्गुन-चैत्र)	३०°	१५°	२.५
अप्रिल (चैत्र-बैशाख)	३४°	२०°	३
मे (बैशाख-जेठ)	३८°	२५°	६.५

जुन (जेठ-असार)	३९°	२९°	१९.५
जुलाई (असार-श्रावन)	३७°	३१°	३९.४
अगस्त (श्रावन-भाद्र)	३७°	३०°	३३.५
सेप्टेम्बर (भाद्र-असोज)	३६°	२८°	१७.७
अक्टोबर (असोज-कार्तिक)	३४°	२१°	२.८
नोभेम्बर (कार्तिक-मंसिर)	३०°	१६°	०.६
डिसेम्बर (मंसिर-पौष)	२७°	१३°	१.२

चित्र २: बुलिङटार गाउँपालिकाको बार्षिक तापक्रम र वर्षाको अवस्था

३. स्थानीय चाडपर्व, जात्रा र मेलाको विवरण

बुलिङटार गाउँपालिका भित्र विविध जातजाती तथा धार्मिक समुदायको बसोबास रहेको छ । यहाँको सास्कृति परम्परामा समेत विविधता रहेको पाइन्छ । पुर्वदेखि पश्चिम, हिमालदेखि तराई सम्मका मानिसहरुको बसोबास रहेको हुँदा यहाँ हिन्दु, बौद्ध, इसाइ, किराँत, बहाई धर्म लगायतका धर्म मान्ने समुदायको बसोबास रहेको छ । हिन्दुहरुको महान चाड दशै, तिहार लगायत तीज, कुशेऔंशी, नाग पञ्चमी, जनैपूर्णीमा, राम नवमी, श्रीपंचमी, कृष्णजन्माष्टमी लगायतका चाडर्वहरु मनाइन्छ । त्यसरी नै बौद्ध धर्मावलम्बीहरुले बुद्ध पूर्णीमा, ल्होसार मनाउने गरेका छन् भने जातजाती अनुसार समेत विभिन्न किसिमका चाड पर्वहरु मनाउने गरेको पाइन्छ । विभिन्न जात जाती तथा धर्मवालम्बीहरुले मनाउने चाडपर्वहरुलाई निम्नअनुसार तालिकामा प्रस्तु गरिएको छ ।

तालिका ३: बुलिङटार गाउँपालिका भित्र मनाइने चाडपर्वहरु

